पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

# पाटन नगरपालिकाका नगर प्रमुख श्री गौरी सिंह रावल ज्यूले नगरसभा बैठकमा प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८३/०८४ को

## बार्षिक नीति तथा कार्यक्रम

पाटन नगरपालिका, बैतडी

२०८३ असार ०५ गते

नगर प्रमुख

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात पाटन नगरपालिकाको दोस्रो जन निर्वाचित सरकारको नवौं गरिमामय नगर सभामा उपस्थित पाटन नगरपालिकाका

उपप्रमुख ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगर सभाका सदस्यज्यूहरु,

उपस्थित राष्ट्रसेवक कर्मचारीहरु,

सञ्चारकर्मी मित्रहरु,

यस पाटन नगरसभाको नवौं अधिवेशनको पहिलो बैठकमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । पाटन नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

सर्वप्रथम, नेपाली जनतालाई राजनीतिक स्वतन्त्रता र अधिकार दिलाउदैं मुलुकलाई आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा ल्याई पुर्‍याउने क्रममा विभिन्न कालखण्डका जनआन्दोलनमा आफ्नो जीवनको आहुति दिनु हुने, हाम्रो बैतडी जिल्लाका अमर शहीद दशरथचन्द लगायत सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।संघर्षको दौरानमा घाइते, अपांग र बेपत्ता पारिएका वीर योद्धा तथा पिडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा ल्याउन विविध क्षेत्रबाट योगदान पुर्‍याउन हुने आदरणीय अग्रज नेतृत्वहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीको सुन्दर नगरी पाटन नगरपालिकाको स्थापना वि.सं.२०७१ मंसिर १६ गते भएको हो ।साविकका ९ वटा गाविसहरु पाटन, भूमेश्वर, गुजर, बसन्तपुर, कैलपाल, सकार, सिलंगा, सिद्धपुर र सिद्धेश्वरको समायोजनबाट बनेको यस नगरपालिकाको क्षेत्रफल २१९.२५ वर्ग किलोमिटर कायम भएको छ। प्रशासनिक रुपमा १० वटा वडामा विभाजित यस पालिकाभित्र विभिन्न धार्मिक, पुरातात्विक एवं पर्यटकीय स्थलहरु रहेका छन् । साथै परम्परा देखि चल्दै आएका विभिन्न चाडपर्व, जात्रा, मेला मनाउने प्रचलन रही आएको छ । मध्यपहाडी लोकमार्गमा पर्ने यो पाटन नगरपालिका नेपाल सरकारबाट छनोट भएका १० वटा नमुना शहर मध्येको एक नमुना शहर हो ।यस क्षेत्रमा विविधतायुक्त हावापानीका कारण विविध किसिमको कृषि तथा पशु उपज उत्पादन हुने प्रचुर सम्भावना रहेको छ ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी एकीकृत शहरी विकास योजना, नगरपालिकाको आवधिक योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ। यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयन सँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्ग निर्देशकको रुपमा लिइएको छ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७५

क. नेपालको संविधान, २०७२,

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

ङ. नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम र बजेट,

च. दीगो विकास लक्ष्यहरु हासिल गर्ने लगायतका नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्व,

छ. यस नगरपालिकाको एकीकृत सहरी विकास योजना तथा पञ्चवर्षिय योजनाले मार्गनिर्देश गरेका नीति तथा कार्यक्रमहरु तथा मध्यमकालिन खर्च संरचना,

ज. नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारका आवधिक विकास योजनाहरु,

झ. नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरु ।

अब म यस पाटन नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नगरकार्यपालिकाबाट पारित भई आएको नीति तथा कार्यक्रम यस गरिमामय नगर सभामा पेश गर्दछु ।

## १. आर्थिक विकास क्षेत्र

### (क) कृषि तथा पशु

१. **"म गर्छु कृषि, कहिँ जान्न देश बिर्सी"** भन्ने मूल नाराका साथ यस नगरपालिकाको विविधतापूर्ण हावापानी अनुसार बाली उत्पादन पकेट क्षेत्रको पहिचान गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

२. कृषक सुचीकरण कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । किसान वर्गीकरण गरी अनुदान परिचालन गरिनेछ ।

३. कृषकहरुको क्षमता अभिवृद्धि गर्न र कृषि विकास तथा प्रसार कार्यक्रमलाई थप प्रभावकारी बनाउन कृषि समूह तथा सहकारीलाई स्थलगत तालिम सञ्चालन गरिनेछ ।

४. कृषि यान्त्रीकरणमा ५० प्रतिशत अनुदान प्रदान गरिने कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

५. साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. कृषकले उत्पादन गरेको फसल बजारीकरण गर्न आवश्यक सहजीकरण गरी कृषकलाई बजारको पहुँचमा पुर्‍याउने साझेदार सरकारी एवम् गैरसरकारी संघ सस्था संग साझेदारीमा कार्यक्रम गरिनेछ।

७. माटो सुहाउदो खेती सिफारिस गर्न माटो परीक्षण प्रयोगशाला शिविर सञ्चालन गर्न आवश्यक पहल गरिनेछ

८. कृषकहरुलाई [illegible]यनिक मलको अभाव हुन नदिन प्रत्येक वडामा एक एक वटा कृषि सहकारी संस्थाहरुलाई रसायनिक मलको कारोवार गर्न प्रोत्साहित गरिनेछ ।

९. कृषि तथा पशुपन्छी व्यवसायमा प्राकृतिक प्रकोप तथा विपद बाट हुने नोक्सानी एवम जोखिम कम गर्न कृषि तथा पशुपन्छी बिमाका साथै आवश्यक खोपको प्रवन्ध गरिनेछ ।

१०. कृषिमा आधारित अर्थतन्त्रलाई थप मजवुत बनाउन तथा पशुपालन, दुग्ध उत्पादन, मासु तथा अण्डा उत्पादन गरी ग्रामीण अर्थतन्त्रलाई मजवुत बनाउदै पशुपालन व्यवसायलाई सम्मानजनक र नाफामुखी व्यवसायका रुपमा विकास गर्न कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

११. विश्वव्यापी रुपमा देखा पर्ने लम्पी स्किन, खोरेत रोग जस्ता पशु रोगहरु तथा महामारीबाट हुने नोक्सानी लाई न्यूनीकरण गर्न प्राविधिक जनशक्तिको परिचालन गर्दै घुम्ती शिविरहरु सञ्चालन गरिनेछ ।

१२. परम्परागत मौरी पालन कृषकहरुलाई सो पेशामा आत्मनिर्भर बनाउन आधुनिक प्रविधिसहितको मौरीपालन गर्न प्रोत्साहन गर्ने उदेश्यले साझेदारी कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ ।

(ख) राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम

१. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम लाई थप प्रभावकारी वनाउन नगरपालिकाका कार्यक्रमहरुसँग १००% साझेदारी गरी कार्यान्वयन गरिनेछ ।

२. यस कार्यक्रमको ई.एम.आई.एस.मा सुचीकृत भई स्वीकृत गरिएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा आन्तरिक रोजगारी सिर्जना गरि न्यूनतम रोजगार, सिप विकास तालिम संचालन गरि कम्तिमा ३९० घण्टे तालिमा सहभागी गराईने व्यवस्था कार्यान्वयन गरिनेछ ।

३. आन्तरिक रोजगारी सिर्जना क्रियाकलापको कार्यान्वियन लागि उधमी, व्यवसायी, युवा लगायात सम्वन्धित क्षेत्रका व्यक्तिहरु संग प्रत्यक्ष जनप्रतिनिधि सहितको सुहभागितामा पालिका स्तरीय रणनीति निर्माण कार्यक्रम गरिनेछ ।

४. वैदेशिक रोजगारीका लागि बिदेश जान् चाहने व्यक्तिहरुले अनलाईन निवेदन भर्ने कार्यलाई सहज एवं प्रभावकारी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. श्रम संचार प्रणालीलाई कार्यान्वयनमा ल्याईनेछ ।

६. रोजगार, सिप् तथा उधमशिलता कार्यक्रमहरु संचालन गर्न पालिका, गैसस, निजि क्षेत्रहरु लगायत सम्बन्धित निकायहरु संग समन्वय गरि कार्यक्रम संचालन ल्याईनेछन।

७. वैदेशिक रोजगार बाट फर्केका व्यक्तिहरुको लागी रिटर्नी पुनः मिलन, व्यवसायमा सहायता तथा सिकेको सिपको सदुपयोग गर्न मागमा आधारित कार्यक्रममा सहकार्य गरिनेछ ।

८. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम संग सम्बन्धित निरन्तरता रहेका सम्पूर्ण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

(ग) लघु उद्यम विकास

१. लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२. सीपयुक्त जनशक्तिलाई पालिकास्तर भित्रै उपयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

३. सीपयुक्त जनशक्तिलाई बजारको माग र आपूर्तिसँग जोडेर बेरोजगारी समस्या न्यूनीकरण गरिनेछ।

४. उद्योग तथा व्यवसायमा महिलाको सहभागिता बढाउनका लागि संघ तथा प्रदेश सरकारसंग साझेदारी विशेष कार्यक्रम संचालन गरिनेछ ।

५. नगरपालिकामा रहेका युवा जनशक्ति तथा विशेष सीपको चाहना भएका व्यक्तिहरुलाई उद्यमशीलतामा प्रोत्साहन गरिनेछ ।

६. रोजगारीका क्षेत्रमा युवा जनशक्तिलाई आकर्षक गर्न सीप विकास सम्वन्धी कार्यक्रमहरु प्रभावकारीताका साथ संचालन गरि सीपयुक्त जनशक्तिको पालिका भित्रै उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।



नगर प्रमुख

नगर प्रमुख

७. लघु घरेलु तथा साना उद्योग व्यवसायहरुको तथ्याङ्क संकलनबाट आवश्यकता र समस्याहरुको पहिचान गरि भावी रणनीति तय गरिनेछ ।

८. स्तरोन्नति तर्फका लघु उद्यमीहरुलाई पुनः निरन्तरता दिईनेछ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

## ४. सामाजिक विकास

### (क) शिक्षा

- विद्यालयमा सूचना सञ्चार प्रविधि, विज्ञान प्रयोगशाला र पुस्तकालय तथा नवप्रवर्तन डिजिटल सिकाइ सामग्रीहरुको आवश्यक व्यवस्था मिलाइनेछ ।
- गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकको अभाव परिपूर्तिका लागि नगर स्वंयमसेवक शिक्षकहरु, विद्यालय कर्मचारी तथा बालबिकास शिक्षकहरुका लागि अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- प्रविधि मैत्री शिक्षामा जोड दिनका लागि प्रत्येक विद्यालयहरुमा इन्टरनेट सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- विद्यालयमा छात्राहरुको नियमित उपस्थिति गराउन, स्वच्छ र सफा विद्यालय राख्नका लागि निशुल्क सेनिटरी प्याड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय स्तरीय स्वास्थ्य सेवा कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्ययोजना कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार, खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्थालाई सुधार गरिनेछ ।
- विद्यालय कर्मचारी शिशु स्याहार बालविकास सहजकर्ता र पालिकाबाट अनुदान शिक्षकको न्यूनतम पारिश्रमिक पुग्ने गरि बृद्दी गरिनेछ ।
- सिकाइलाई निरन्तरता दिन वैकल्पिक माध्यमबाट समेत पठन पाठनमा जोड दिइनेछ ।
- विद्यालयमा अध्ययनरत र विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरुको लागि शिक्षाको आवश्यक प्रबन्ध गरिने छ ।
- गुणस्तरीय शिक्षाको लागि विषयगत तालिम, कार्यशाला, गोष्ठी, अभिमुखीकरण आदिका माध्यमबाट विद्यालयका सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु, तथा अभिभावकहरुको विषयगत रुपमा क्षमता अभिबृद्धि गरिनेछ ।
- एक वडा एक नमूना माध्यमिक विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक बजेटको व्यबस्थालाई निरन्तरता दिइनेछ ।
- विद्यालयका शिक्षक, विद्यार्थीहरुलाई स्वस्थ, निरोगी राख्न अनिवार्य योग शिक्षा तालिमको व्यबस्था गरिनेछ।
- विद्यालयहरुको नियमित अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षकहरुको क्षमता अभिबृद्धिको लागि विज्ञ शिक्षकहरुको समूह बनाइ शिक्षकहरुको कक्षाकोठा अवलोकन तथा नमूना पाठ प्रदर्शनको व्यवस्था मिलाइनेछ।
- सामुदायिक विद्यालयहरुको दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- वार्षिक रुपमा उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रधानाध्यापक, शिक्षक कर्मचारीहरुलाई प्रोत्साहन दिने नीति लिइनेछ ।
- आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादित, स्वच्छ र व्यवस्थित गरिनेछ ।



नगर प्रमुख

- शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुमा शैक्षिक व्यवस्थापन, सिकाइ व्यवस्थापन, लगायतका कार्यहरुमा विशेष जोड दिइनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि पढाईका साथ साथै अतिरिक्त क्रियाकलापहरु संचालन गर्न जोड दिईनेछ ।
- अनाथ, असहाय तथा जोखिममा रहेका टुहुरा, जेहेन्दार विद्यार्थी र शहिद, बेपत्ता तथा घाइते परिवारका विद्यार्थीहरुलाई वार्षिक रुपमा एकमुष्ठ स्टेसनरी तथा छात्रवृतीका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सिकाइको निरन्तरता र प्रभावकारीताको लागि विपन्न विद्यार्थीहरु, दलित विद्यार्थी र छात्राहरुलाई छात्रवृती प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- किशोर किशोरी मैत्री सूचना केन्द्रलाई प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- विपदबाट प्रभावित विद्यालयहरुलाई आवश्यकताको आधारमा बजेट व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाभित्र आवासिय विद्यालय सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- माध्यमिक तह (कक्षा ११ र१२) को लागि नगर स्वयमसेवक शिक्षकहरुको बजेट सहित आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालय स्तरीय तथ्याङ्क (IEMIS) लाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।
- विद्यार्थीलाई बचत गर्ने बानीको विकास गर्न पालिका भरिका विद्यालयमा अध्यनरत विद्यार्थीहरुको निशुल्क बचत खाता संचालन गर्न बैंक तथा सहकारीहरुसंग समन्वय गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- विद्यालय समायोजन तथा दरबन्दी मिलानको प्रक्रिया यथासिघ्र अगाडी बढाउन पहल गरिनेछ ।
- शिक्षा योजना निर्माण तथा कार्यविधि निर्माण गरि शिक्षकहरुलाई पालिकाभित्र सरुवा गर्ने प्रक्रिया अगाडी बढाउन पहल गरिनेछ ।
- पालिका भित्रका विद्यालयहरुका विद्यार्थीहरुले SEE परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरुस्कार तथा सम्मान कार्यक्रम गर्न पहल गरिनेछ ।

(ख) युवा तथा खेलकुद

- युवालाई सिप र उत्पादनसँग जोड्दै विभिन्न कार्यक्रमहरुमा सहभागि गराइनेछ ।
- युवा लक्षित कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई सञ्चालन गरिनेछ ।
- नगरपालिकाले खेलकुद र खेलाडीहरुको विकास गर्न, विभिन्न विधाका खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गरिनेछ ।
- माध्यमिक विद्यालयहरुका एक जना शिक्षकलाई खेलकुद शिक्षकको जिम्मेवारी दिई खेलकुद सम्बन्धि आधारभूत तालिम प्रदान गरिनेछ ।
- नगरपालिका स्तरमा विधागत खेल प्रशिक्षकहरुको व्यवस्था मिलाईने छ । नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।

(ग) स्वास्थ्य

१. सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गर्दै "स्वस्थ नागरिक समृद्ध पाटन भन्ने नाराका साथ नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा प्रदान गरी राष्ट्रिय लक्ष्यहरु हासिल गर्न आवश्यक कार्यहरु गरिनेछन। साथै आकस्मिक स्वास्थ्य सेवालाई समेत क्रमशः बिस्तार गर्दै लगिनेछ।

२. महिलाहरुको प्रजनन स्वास्थ्य समस्याहरु पहिचान गरि उपचार व्यवस्थापन गर्न आवश्यक कार्यहरु गरिनेछन।

३. क्षयरोग बिरामीहरु खोजपडताल गरि उपचारमा ल्याउन स्वास्थ्य शिविर संचालन गरिनेछ। साथै अन्य सरुवा तथा संक्रामक रोगहरु नियन्त्रण गर्न आवश्यक कार्यहरु गरिनेछ।

४. हाल अनपेक्षित रुपमा बढ्दै गईरहेका नसर्ने रोगहरु न्यूनीकरण गर्न स्वस्थ खानपान तथा स्वस्थ जीवनशैली, योगाभ्यास सम्वन्धी जनचेतना, स्क्रिनिङ तथा उपचार सेवालाई सबै टोलहरु सम्म अभियानको रुपमा संचालन गरिनेछ।

५. स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारका भवन, आवास, आवश्यक औजार उपकरणहरुको व्यवस्थापनमा जोड दिदै निशुल्क औषधिहरुलाई नियमित रुपमा आपुर्ती गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

६. स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट, कम्प्युटर, प्रिन्टरहरुको थप व्यबस्थापन गरी Recording, Reporting (eHMISHMIS/Dhis2), भण्डार सम्वन्धी कार्यहरु अनलाईन प्रणाली मार्फत गरिनेछन।

७. गर्भवती महिलाहरुकालागि ग्रामिण अल्ट्रासाउन्ड सेवा सबै वडासम्म निशुल्क प्रदान गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

८. पूर्णखोपयुक्त पालिका सुनिश्चितता, किशोरकिशोरीमैत्री, पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यलाई निरन्तरता दिदै पोषणमैत्री वडा तथा पालिका घोषणा पूर्व तयारीलाई प्रभावकारी बनाईनेछ।

९. स्वास्थ्य बिमा कार्यक्रममा सबैको पहुच वृद्धि गर्न गरिव तथा बिपिन्न बर्गको निशुल्क स्वास्थ्य विमा गर्न आवश्यक कार्यहरु गरिनेछन।

१०. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाइ प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

११. मानसिक स्वास्थ्य समस्या न्यूनीकरणको लागि जनचेतनामूलक मुलक कार्यक्रम संचालन, स्वास्थ्य संस्थाहरुबाट सामान्य उपचार तथा परामर्श सेवा प्रदान गर्नुको साथै विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ।

१२. बिधालयमा तथा समुदायमा पोषण तथा स्वस्थ खानपान, असल अभ्यासहरुको प्रवर्धन, हानिकारक व्यवहारहरु न्यूनीकरणकालागि विधालय/समुदाय स्वास्थ्य शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछन।

१३. स्वास्थ्य संस्थाहरु गुणस्तरीय स्वास्थ्य सेवा, सुशासन र पारदर्शितालाई सुनिश्चित गर्न सार्बजनिक सुनाई, सामाजिक परिक्षण कार्यक्रम संचालन गरिने छ ।

१४. स्वास्थ्य संस्था जन्य फोहोरको उचित ब्यबस्थापन गर्न आवश्यक पहल गरिने छ ।

**बहुक्षेत्रीय पोषण**

१. यस नगरपालिकाको पोषण सुधार गर्न बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेको लक्षित पोषण संबेदनशिल र पोषण बिशेष सेवाहरुको पहुचको सुनिश्चिता र स्वास्थ, शिक्षा, खानेपानी स्वच्छता, महिला तथा बालबालिकाको पोषण सुधार सम्बन्धि सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट बिनियोजन गरि बहुक्षेत्रीय पोषण योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२. सुनौलो हजार दिनका आमाहरुलाई उप प्रमुखको कोसेली कार्यक्रम संचालन गरिनेछ ।

३. पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्न बांकि रहेका वडाहरु पोषणमैत्री स्वास्थ्य संस्था घोषणा तथा पोषणमैत्री वडा घोषणाको लागि आबश्यक पहल गरिनेछ ।

४. नसर्ने रोग रोकथाम, दुर्व्यसनी, डिप्रेसन र नकारात्मत सोच परिवर्तनका लागि नागरिक आरोग्य अभियान अन्तर्गत योग ध्यान शिबिर संचालन गर्न बजेट को व्यवस्था गरिनेछ ।

(घ) महिला, दलित, बालबालिका ज्येष्ठ नागरिक तथा अपाङ्गता

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७५

१. लैंगिक हिंसा न्यूनीकरण

लैंगिक तथा घरेलु हिंसा न्युनिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२. महिला तथा बाल संरक्षण

महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू, जनजाती र एच.आइ.भी. संक्रमितहरुको अधिकार संरक्षण र सेवामा पहुँच सुनिश्चित गरिनेछ।

३. सुरक्षित आवास तथा उद्धार सेवा

हिंसापीडित महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि सेफ हाउस तथा समन्वयात्मक सेवा सञ्चालन गरिनेछ र एकद्वार संकट व्यवस्थापन केन्द्र पाटन अस्पताल बाटै संचालन गर्न पहल गरिनेछ ।

४. आर्थिक सशक्तीकरण

सामजिक तथा आर्थिक रुपमा पछाडी परेका (महिला, दलित, आदिबासी, जनजाती, अपांगता भएका) व्यक्तिहरु का लागि सीप विकास, उद्यमशीलता र आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

५. बालविवाह तथा हानिकारक प्रथाको अन्त्य

बालविवाह, लैङ्गिक विभेद तथा अन्य हानिकारक सामाजिक प्रचलन अन्त्य गर्न साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। टुहुरा, जेहेन्दार बालबालिकालाई पठनपाठनमा सहजका लागि शैक्षिक सामग्री बैंक संचालन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

६.ज्येष्ठ नागरिक सम्मान तथा सेवा

ज्येष्ठ नागरिकलाई परिचयपत्र, सेवा सुविधामा सहजीकरण तथा सम्मान कार्यक्रम संचालन गरिनेछ ।

७. समावेशी तथा उत्तरदायी शासन

- विकास निर्माण तथा उपभोक्ता समितिमा महिला, दलित तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गरिनेछ।
- दलित तथा बिपन्न नागरिक आय आर्जन सीपमुलक तथा क्षमता विकास कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।
- पाटन नगरपालिकामा रहेका परिचयपत्र प्राप्त मुक्त हलियाहरुको पुनर्स्थापनाका लागि स्थानीय सरकारको साझेदारीमा प्रदेश र संघीय सरकारसंग आवश्यक पहल गरिनेछ ।

८. बालमैत्री तथा समावेशी समाज निर्माण

बालमैत्री वातावरण निर्माण, बाल उद्यान स्थापना तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिइनेछ।

(ङ) कला, संस्कृति र पर्यटन

१. यस नगरपालिका अन्तरगत रहेका विभिन्न धार्मिक, पर्यटकीय, साँस्कृतिक तथा आध्यात्मिक क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्य गरिनेछ ।

२. बनारसी बिश्वनाथ धाम, बाराघर धाम, स्वर्गेनी पिपल, उदयदेव, सहस्त्रलिंग, कैलपाल, भूमिराज, ओखलेश्वर धुरा, महारुद्र मन्दिर, रामेश्वर धाम र पाताल भुवनेश्वर गुफा, कुडी दह लगायतका धार्मिक एवम पर्यटकिय क्षेत्रको विकासका लागि विशेष प्राथमिकता दिईनेछ ।

३. धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरुका साथै पर्यटकीय दृष्टीकोणबाट महत्वपूर्ण रहेको घनघश्याको उकालोलाई समेत व्यापक रुपमा चिनाउन आवश्यक पहल गरिनेछ ।

नगर प्रमुख

४. प्राकृतिक विपत्ती, लैंगिक हिँसा, विपन्न तथा असहाय नागरिकहरुलाई पुनर्स्थापना तथा उद्दार गर्नका लागि गरिदै आएको दान सौजन्य र अन्न मुठीदान दिने उच्च मानवीय कार्यलाई पाटन सभ्यताको रुपमा अङ्गीकार गर्दै त्यस्ता दानबिरहरुलाई नगर सम्मानित व्यक्ति घोषणा गरिनेछ।

५. पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रको अवलोकन गरी आवश्यक पूर्वाधार निर्माण र नगरपालिकामा लाग्ने मेला, पर्व, जात्रा, महोत्सव व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।

६. सुकेलिमा रहेको पौराणिक भगवती मन्दिर मेला, रामेश्वर धाम, बनाससी धाम र स्वर्गेनी पिपल लगायत अन्य धाममा लाग्दै आएको मेलालाई सधैं भव्य र धार्मिक पौराणिक रुपमा निरन्तर लगाउने स्थानीयहरुको प्रतिबद्दता र आग्रहलाई सम्मान गर्दै मेला व्यबस्थापनको लागि आवस्यक सहयोग गरिनेछ ।

७. पौराणिक तथा ऐतिहासिक सडौडा कोट दरबार क्षेत्रको संरक्षण, सम्बर्द्धन तथा उत्खननका लागि आवस्यक सहयोग गरिनेछ ।

**(च) खानेपानी तथा सरसफाई**

१. प्रत्येक नगरवासीलाई शुद्ध खानेपानीमा पहुँच दिलाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन।

२. नगर तथा वडा स्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

३. Wash Plan अनुसार खानेपानीको मर्मत, सम्भार, मुहानको संरक्षण र नयाँ निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

४. खानेपानीका मुहानहरु परिक्षण गर्ने कार्य अघि बढाइनेछ ।

५. फोहरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ । बिभिन्न स्थानहरुमा फोहोर ब्यवस्थापन तथा सरसफाई क्षेत्रको आवश्यकता पहिचान गरी फोहोर मैला व्यवस्थापनका लगी डम्पिङसाईड र सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ ।

६. नगरपालिका भित्र खानेपानीका मुलहरु सुक्दै गइरहेकोले खानेपानी तथा सिंचाई आपूर्तिका लागि लिफ्टिङ्ग प्रविधिलाई प्राथमिकता दिईनेछ ।खानेपानी मुहान संरक्षण तथा पुर्नभरण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

## ५. पूर्वाधार विकास

**क) सडक, पुल, सिंचाई, खानेपानी**

१. पालिका सदरमुकाम देखी प्रत्येक वडाहरु लाई जोड्ने गरि निर्माण भएका सडकहरु लाई बाहै महिना सहजरुपमा गाडी चल्न सक्ने बनाउन मर्मत सम्भार तथा स्तरोन्नति गर्ने कार्य गरिनेछ ।

२. वर्षायामको समयमा बिग्रे भत्केका सडक सरसफाई तथा मर्मत सम्भार कार्य वडा तहबाट प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३. प्रशासकीय भवन नभएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सुविधा सम्पन्न प्रशासकीय भवनहरु निर्माण गर्न पहल गरिनेछ ।

४. नगरक्षेत्र भित्रका निर्माणाधीन सडक पुलहरु निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

५. यस नगरपालिकामा विद्युत विस्तार गर्न बाँकी रहेका क्षेत्रमा विद्युतीकरण गर्न पहल गरिनेछ । साथै वैकल्पिक उर्जा प्रवर्द्धन गर्न सौर्य सडक बत्ती कार्यक्रम लागू गरिनेछ ।

६. पाटन नयाँ सहर आयोजनाको Land Pooling कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिनेछ।

७. बृहत खानेपानी र अन्य खानेपानी योजनाहरुलाई छिटो छरितो रुपमा निर्माण कार्य सम्पन्न गर्न लगाई उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ।

८. मध्य पहाडी लोकमार्गको नयाँ शहरको रुपमा रहेको यस पालिकालाई नमुना शहरको रुपमा विकास गर्ने नेपाल सरकारको नीतिलाई प्रभावकारी ढङ्गबाट लागू गर्न पहल गरिनेछ।

९. हाल सञ्चालनमा रहेका क्रमागत, अधुरा एवं दायित्व सृजना भएका आयोजनाहरुलाई समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

१०. उपभोक्ता समितिहरुसँग योजना सम्झौता गर्न र भुक्तानी प्रक्रियालाई छिटो छरितो र थप प्रभावकारी सेवा लाई निरन्तरता दिईनेछ ।

११. आयोजनाहरुको बिस्तृत आयोजना अध्ययन प्रतिवेदन (DPR), IEE, EIA आदि गरिनेछ।

१२. दलित तथा बिपन्न परिवारलाई शुद्द सुलभ खानेपानी व्यवस्थापन गर्न पालिकाले गरिराखेको एक घर एक शुद्ध खानेपानी धारा निर्माण कार्यलाई पालिका बिशेष महत्वको आयोजनाको रुपमा निरन्तरता दिईनेछ ।

१३. सार्वजनिक भवन तथा संस्थाहरूमा अपाङ्गतामैत्री पूर्वाधार निमार्णलाई जोड दिइनेछ ।

१४. पालिकाभित्र सुरक्षित, दिगो, वातावरणमैत्री तथा सर्वसुलभ यातायात प्रणालीको विकासका लागि एकीकृत यातायात योजना (MTMP) तजुर्मा गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

१५. पालिकाबाट सञ्चालन हुने पूर्वाधार विकास आयोजनाहरूको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रयोगशाला स्थापना, उपकरण खरिद तथा नियन्त्रण प्रणालीलाई सुदृढ बनाइनेछ ।

१६. जनता संग नगर प्रमुख कार्यक्रम र नगर उपप्रमुख संग युवा तथा बालबालिका कार्यक्रमलाई थप प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरिनेछ ।

**ख) भवन तथा शहरी विकास**

१. भवन निर्माणलाई व्यवस्थित, सुरक्षित तथा भुकम्प प्रतिरोधी बनाउन स्थानीय भवन निर्माण तथा नक्सा पास मापदण्ड परिमार्जन गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२. सार्वजनिक जमिन तथा सडक मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

३. निजी घर तथा सरकारी भवन निर्माण गर्दा अनिवार्य रुपमा तोकिएको मापदण्ड अनुसार नक्सापास गरी निर्माण गर्नुपर्ने कानुनी प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

४. नगरक्षेत्रमा बहुउद्देश्यीय व्यापारिक कम्प्लेक्स निर्माण गर्न दातृ निकाय, विकास साझेदार, संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

५. स्थानीय मौलिक वास्तुकला, परम्परागत घर शैली तथा सांस्कृतिक सम्पदाको संरक्षण एवं प्रवर्द्धन गर्न परम्परागत शैलीमा घर निर्माण तथा पुर्ननिर्माण गर्ने नागरिकलाई प्रोत्साहनमुलक कार्यक्रम संचालन गरिनेछ ।

६. भवन निर्माण तथा घरनक्सा नियमन कार्यविधि लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। साथै विधुतीय नक्सा प्रणाली EBPS को जडान गरि घरजग्गा वा नक्सापास प्रणालीलाई व्यवस्थित गरिनेछ।

७. नेपाल विद्युत प्राधिकरण संग समन्वय गरि नगरपालिका भित्र रहेका बजार क्षेत्रहरुमा आकर्षक सडक बत्ति जडान गरिनेछ ।

नगर प्रमुख

ग) आयोजना अनुगमन तथा मुल्यांकन

१. आयोजना तथा कार्यक्रमको अनुगमन, मुल्यांकन कार्यलाई थप प्रभावकारी एवं पारदर्शी बनाईनेछ।
२. आयोजना कार्यान्वयनमा उपभोक्ता समितिको तर्फबाट जनश्रमदान बापत १० प्रतिशत रकम व्यहोर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
३. आयोजनाको अनुगमनलाई सघन बनाई आयोजनाको गुणस्तर सुनिश्चित गरिनेछ ।
४. आयोजना छनोट र कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने कार्यलाई सशक्त बनाइनेछ ।
५. अनुगमन प्रभावकारी बनाउन Pre During and post अनुगमन checklist लागु गरिनेछ ।

४. वन, वातावरण तथा विपद व्यवस्थापन

१. बजार क्षेत्रहरुमा सरसफाई र हरित बनाउन स्थानीय सरकारी तथा संघ संस्था, बिद्यालय, वित्तीय संस्था, सहकारी लघुवित्त संस्था, सामाजिक एवं प्रतिष्ठित व्यक्तिहरुको समन्वय र सहकार्यमा उचित रुखबिरुवा रोपण तथा संरक्षण गर्न सौजन्य सहयोग गर्न आव्हान सहित व्यबस्थापन गरिनेछ ।
२. बाढी, पहिरो र भू-क्षय नियन्त्रण एव आइपर्ने जोखिम न्यूनिकरणका लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
३. स्थानीय बिपद तथा जलवायु उत्थानशील योजना तयार भईसकेकोले सोही अनुसार विपद न्यूनीकरणका कार्यक्रम निर्माण गरिनुका साथै मानविय तथा प्राकृतिक विपदमा परेका व्यक्ति तथा परिवारलाई पुन:स्थापित गर्न विपद व्यवस्थापन कोषका लागि आवश्यक बजेट विनियोजन गरि कोषलाई निरन्तरता दिईनेछ।
४. बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइनेछ । सबै किसिमका वनहरुमा बढ्दो डढेलो तथा आगलागीलाई रोकथाम एंव नियन्त्रण गर्न वन कार्यालय र वन उपभोक्ता समुहहरु संग समन्वय गरि आवश्यक जनचेतना कार्यक्रम लागु गरिनेछ ।
५. फोहरमैला व्यवस्थापनका लागि आवश्यक कानुनको निर्माण गरि फोहरमैलाको किसिम अनुसार तोकिएको स्थानमा बिसर्जन गर्ने व्यवस्था मिलाईनेछ ।
६. वन अतिक्रमणलाई नियन्त्रण गर्नको लागि वन सिमाङ्कनमा जोड दिइनेछ ।
७. खाली स्थानमा वृक्षारोपण गर्न जिल्ला वन कार्यालय संग समन्वय गरी हरियाली प्रवर्द्धन गरिनेछ।
८. विपद व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक वजेट विनियोजन गरिनेछ तथा आपतकालिन कार्यसञ्चालन केन्द्रलाई प्रभावकारी वनाइनेछ ।
९. बजार क्षेत्रबाट कालो प्लाष्टिक निषेधित गर्न पहल गरिनेछ ।
१०. बृक्षारोपण कार्यक्रमका लागि नर्सरी बनाउन स्थानीय सामुदायिक वनहरुलाइ प्रोत्साहित गरिनेछ।
११. सामुदायिक वन अतिक्रमण तथा परोपकाल देखी भोग चलनमा रहेका सामुदायिक वन भित्रका अतिक्रमण हटाईनेछ ।

५. संस्थागत विकास सेवा प्रवाह र सुशासन

१. सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरिय तथा प्रभावकारी रुपमा संचालन गर्न नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास तालिम र भ्रमणको व्यवस्था गरिनेछ।
२. नागरिक वडापत्र र नागरिक सहायता कक्ष (हेल्पडेस्क) लाई थप प्रभावकारी बनाईनेछ ।

नगर प्रमुख

नगर प्रमुख

३. यस नगरपालिकामा, अस्थायी र करारका कर्मचारीको कामको आधारमा मूल्याङ्कन गरि समयानुकुल परिमार्जित गर्दै लगिनेछ । कर्मचारीहरुको कार्य सम्पादन तथा कार्य प्रगतिका आधारमा पुरुस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिईनेछ ।
४. हानिकारक प्रचलन, लागु औषध दुर्व्यसनी, आत्महत्या रोकथामका लागि प्रहरी साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
५. कुनै जात, धर्म पौराणिक प्रथा र समुदायको मान मर्दन हुने गरि राखिएको स्थानको नाम, रिति, कला, संस्कृती प्रथालाई समुदायको समन्वयमा परिवर्तन गरि समय सापेक्ष सम्मानजनक नामाकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
६. कर्मचारी कल्याण कोषलाई निरन्तरता दिईनेछ ।
७. विद्युतिय चुलो प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
८. एकीकृत घुम्ती शिविर संचालन गरि आवश्यक सेवा प्रवाह गरिनेछ ।
९. पाटन नगरपालिकाको ई-प्रोफाईल तयार गरिनेछ ।
१०. राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ। विद्यमान कर प्रणालीमा पुनरावलोकन गरिनेछ, राजस्वको दायरा विस्तार गरिनेछ ।
११. राष्ट्रसेवक कर्मचारीहरुको कार्य क्षमता वृद्धि र विकासका लागि विभिन्न तालिमहरु सञ्चालन गरिनेछ साथै शिक्षक तथा कर्मचारीको मनोवल उच्च पार्न कार्यसम्पादन मुल्याङ्कनको आधारमा पुरुस्कृत गरिनेछ ।
१२. महालेखा परिक्षकको कार्यालयले औंल्याएका बेरुजुको समपरिक्षण तथा फछ्र्यौट सम्बन्धि आवश्यक पहल गरिनेछ ।
१३. कर्मचारीलाई काम, कर्तव्य, अधिकार र जिम्मेवारी सहितको कार्य विवरण उपलब्ध गराई कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिईनेछ ।
१४. पाटन नगरपालिका कार्यालय अन्तर्गत कार्यरत अस्थायी तथा करार कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता गरिनेछ ।
१५. यस कार्यालयका करार कर्मचारीहरुको तलब बृद्धि समयानुकुल परिमार्जन गर्दै लगिनेछ ।
१६. साविकको स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको बिमाको व्यवस्था गरिनेछ ।
१७. यस नगरपालिका क्षेत्र भित्र रहेका आमनागरिकको भावनालाई कदर गर्न मानव अधिकारको हकलाई सुनिस्चित गरिनेछ ।

## ६. सूचना तथा संचार प्रविधि

१. सार्वजनिक सेवा प्रशारण, स्थानीय सामुदायिक एफ.एम. तथा अनलाईन मिडियाहरु बाट जनचेतना मूलक कार्यक्रमहरु आवश्यकताको आधारमा प्रसारण गरी नागरिकलाई जानकारी गराईनेछ ।
२. कार्यपालिका तथा नगरसभाबाट स्वीकृत ऐन, कार्यविधि, निति, तथा निर्णयहरु वेव साइट मार्फत सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
३. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा ईन्टरनेट सेवा र विभिन्न सफ्टवेयर प्रयोग छिटो छरितो ढंगले प्रदान गरी नगर कार्यपालिकालाई सूचना प्रविधिमैत्री बनाउनका लागि थप कार्यक्रममा जोड दिईनेछ।
४. नगरपालिका भित्र रहेका संवेदनशिल स्थान तथा ठाँड बजारमा सि.सि.टि.भि. क्यामरा जडान गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

नगर प्रमुख

५. पाटन नगरपालिका अन्तर्गतका कार्यालयहरुमा समेत ईन्टरनेट उपकरण खरिद तथा जडान गर्ने कार्यमा जोड दिइनेछ ।

७. आर्थिक प्रशासन तथा राजस्व

१. राजस्व सुधार योजना अध्यावधिक गरि लागु गरिनेछ ।

२. आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका संभाव्य क्षेत्रहरुको खोजी गरिनेछ ।

३. करको दर भन्दा दायरालाई फराकिलो बनाईनेछ ।

४. अनुगमनलाई सघन बनाई राजश्व चुहावट नियन्त्रण गरिनेछ ।

५. राजस्व संकलन कार्यलाई व्यवस्थित, पारदर्शी गर्न सुत्र प्रणालीबाट राजस्व संकलन गर्ने कार्यको निरन्तरता दिइनेछ ।

६. घरजग्गा करलाई थप व्यवस्थित बनाउदै सम्पत्ति कर लागू गर्न आवश्यक पहल गरिनेछ ।

७. तोकिएको समय भित्र र सबैभन्दा बढी कर दाखिला गर्ने करदाताको पहिचान गरी उत्कृष्ट करदाता घोषणा गरी सम्मान गरिनेछ ।

८. सबै भन्दा बढी कर संकलन गरि समय भित्रै नगरपालिकामा दाखिला गर्ने वडा कार्यालय एवं वडा सचिवलाई सम्मान गरिनेछ ।

९. घरजग्गा बहालकर कार्यान्वयन गर्न पहल गरिनेछ ।

१०. राजस्वको प्रतिवेदन प्रणालीको प्रभावकारिताको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा नियमित प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाईनेछ ।

११. सम्पत्ति कर व्यवस्थापन गर्न घर जग्गा बर्गिकरणको लागि आवश्यक कार्य अगाडी बढाईनेछ।

१२. कर शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। व्यवसाय दर्ता तथा नवीकरण अभियान सञ्चालन गरिनेछ।

१३. बक्यौता राजस्व असुली विशेष अभियान सञ्चालन गरिनेछ ।

१४. करदातालाई सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. राजस्व सम्बन्धी कर्मचारीको क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१६. बजार तथा व्यवसायिक गतिविधिको नियमित अनुगमन गरिनेछ ।

८. न्यायिक समिति

१. न्यायिक समितिको काम कारवाहीलाई थप प्रभावकारी बनाउन ईजलास सप्टवेयर जडान गरि सेवा छिटो छरितो र प्रभावकारी गरिनेछ ।

२. पाटन नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा कानूनी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन अन्य स्थानीय तहका न्यायिक समितिको अध्ययन अवलोकन भ्रमणको आयोजना गरिनेछ ।

४. न्यायिक समितिद्वारा भएका फैसला कार्यान्वयनको अनुगमन मूल्यांकन गरिनेछ ।

५. नगरपालिकाद्धारा मेलमिलापकर्तामा सुचिकृत गराईएका मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तालिमको आयोजना गरिनेछ ।

६. गरिव तथा विपन्न बर्गको न्यायमा पहुच पुर्‍याउन बैतडी जिल्ला अदालत र बैतडी जिल्ला अदालत बार एकाईको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।



नगर प्रमुख

७. प्राकृतिक श्रोत द्वन्द रुपान्तरण केन्द्र नेपालको सहकार्यमा बहुसरोकारवाला द्वन्द रुपान्तरण अभियानको थालनी गरिनेछ ।

८ स्थानीय स्तरमा उत्पन्न हुने विवादहरूको छिटो, सुलभ, निष्पक्ष र प्रभावकारी समाधानका लागि न्यायिक समितिको संस्थागत सुदृढीकरण, मेलमिलाप प्रवर्द्धन, कानुनी सचेतना अभिवृद्धि, प्रविधिमैत्री सेवा विस्तार तथा निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

**९. सार्वजनिक महत्त्व**

१. यस पाटन नगरपालिकाका विभिन्न स्थानहरुमा साबिकका विभिन्न सरकारी कार्यालय तथा आयोजनाहरुको नाममा श्रेस्ता दर्ता रहेका र संघियता लागु भए पश्चात हाल कार्यालयहरु खारेजीमा परि दायीत्त्व हस्तान्तरण भएका र हुन छुटेका विभिन्न कित्ता नं का जग्गाहरुमा नगरपालिकाको स्वामित्व कायम गरि नगरपालिकाको नाममा श्रेस्ता दर्ता कायम गर्न सम्बन्धित विभाग तथा मन्त्रालयमा अनुरोध गरिनेछ ।

अन्त्यमा, नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वयन नगरपालिकाको एकल प्रयासले सम्भव छैन। सबै राजनीतिक दल, सामुदायिक, निजी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्त क्षेत्र, टोल विकास संस्था, युवा क्लब, आमा समूह र सचेत आम नगरवासीहरुको निरन्तर साथ, सहयोग र सर्मथनले मात्र उल्लेखित नीति तथा कार्यक्रमले देखेका समुन्नत पाटन नगरपालिकाका सपनाहरुलाई मुर्तरुप दिन सकिन्छ। आम सञ्चार जगतको निरन्तर खबरदारी हाम्रो लागि सर्वदा पथ प्रदर्शक रहनेछन्। समृद्ध पाटन निर्माण तर्फ यस नीति तथा कार्यक्रमले नीतिगत प्रस्थान (Policy Departure) गर्न खोजेको छ। यसले समग्र पाटन नगरपालिकालाई नै सुनौलो युगको दिशातर्फ डोऱ्याउने विषयमा हामी आशावादी छौं। जनताको घरदैलोको सरकारको रुपमा पाटन नगरपालिकाले काम गर्नुपर्दछ भन्ने हेक्ka हामीलाई छ, सोही अनुरुप हामीले जनताका आशा र दिनानुदिन आवश्यकतालाई परीपूर्ती गर्ने गरी यो नीति तथा कार्यक्रम ल्याएका छौं। नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत सबै सरोकारवाला पक्षहरुको सहयोग, समन्वय, साझेदारी, समझदारी र पहरेदारीको अपेक्षा गर्दछु ।

नगर प्रमुख

**- धन्यवाद !**